नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.............................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति २०७७/१०/१६

## प्रेस विज्ञप्ति

विषय :-

कोभिड-१९ खोप अभियान अन्तर्गत आज तेस्रो दिन सम्ममा १६९ खोप बुथबाट (बेलुका ४ बजे सम्म प्राप्त सूचनाको आधारमा) ७७ जिल्लामा कुल जम्मा ४६,१९७ व्यक्तिहरूले खोप लगाएका छन्। जसमध्ये प्रदेश नं. १ मा ७,३६९ प्रदेश नं. २ मा ४,६५० बागमतीमा १५,६४१ गण्डकीमा ७,१५३ लुम्बिनीमा ४,६३५ कर्णालीमा २,९६६ र सुदूरपश्चिममा ३,७८३ ले खोप प्राप्त गरेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशनानुसार खोप पश्चात् अवाञ्छित घटनाको अनुगमन तथा व्यवस्थापन गर्नका लागि देशभरी नै विज्ञ चिकित्सहरू परिचालन गरिएका छन्। यसैगरी हरेक अस्पतालहरूमा सम्भाव्य घटनाहरूको व्यवस्थापनका लागि आवश्यक टीम तथा औषधीहरूको समुचित व्यवस्थापन गरिएकोछ। आजसम्म खोप पाएका केही व्यक्तिहरूमा सामान्य असरहरू देखिएको तथ्यांक प्राप्त भएपनि चिकित्सकहरूको प्रतिवेदन अनुसार ती सबै व्यक्तिहरूमा देखिएका असरहरू केही समय पश्चात् आफै निको भएको छ। कसैलाई पनि हालसम्म जटिल स्वास्थ्य समस्या भएको छैन। यो अभियान अवधिभर यस प्रणालीलाई सक्रियताका साथ परिचालन गरिने भएकाले खोप लगाउने सबै लक्षित व्यक्तिहरूले ढुक्क भई खोप सेवा लिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अनुरोध गर्दछ।

वृद्धाश्रम र जेलमा रहेका लक्षित समूहका व्यक्तिहरूलाई खोप लगाउनका लागि खोपको उचित तापक्रम सुनिश्चित गरी सम्बन्धित संस्थामै गएर खोप लगाउने व्यवस्था मिलाउनु हुन सबै खोप समन्वय तथा अनुगमन समिति तथा स्वास्थ्य कार्यालयहरूलाई अनुरोध छ।

(डा. जागेश्वर गौतम)
प्रवक्ता

CS Scanned with CamScanner